# राजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

☎ ९८५७८३५२४०


राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गंगदी देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८२/०८३
च.न ६५६

मिति : २०८३।०१।१०

विषय : संस्थागत विद्यालयहरुको शुल्क निर्धारण गरिएको सम्बन्धमा ।

श्री संस्थागत विद्यालयहरु सबै,
राजपुर गाउँपालिका, दाङ ।

प्रस्तुत विषयमा, राजपुर गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८३।०१।०९ गतेको निर्णयानुसार यस राजपुर गाउँपालिका अन्तरगत सञ्चालित संस्थागत विद्यालयहरुका लागि शैक्षिक सत्र २०८३ मा लागू हुने शीर्षकगत अधिकतम शुल्क देहाय बमोजिम स्वीकृत गरिएको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बासुदेव खनाल
शिक्षा अधिकृत

बासुदेव खनाल
शिक्षा अधिकृत

शुल्क

| कक्षा | भर्ना शुल्क | वार्षिक शुल्क | मासिक शुल्क | परीक्षा शुल्क | स्थानान्तरण शुल्क |
|---|---|---|---|---|---|
| नर्सरी | ५०० | १८०० | १३०० | परीक्षा शुल्क नलिने | |
| LKG | ६०० | २००० | १४०० | | ५०० |
| UKG | ७०० | २२०० | १५०० | | ५०० |
| १ | ८०० | २४०० | १६०० | | ५०० |
| २ | ९०० | २८०० | १७०० | | १००० |
| ३ | १००० | २८०० | १८०० | | १००० |
| ४ | ११०० | ३००० | १९०० | ४०० | १००० |
| ५ | १२०० | ३००० | २००० | ४०० | १००० |
| ६ | १३०० | ३००० | २२०० | ४०० | १००० |
| ७ | १४०० | ३००० | २३०० | ४०० | १००० |
| ८ | १५०० | ३२०० | २४०० | ४०० | १००० |
| ९ | १६०० | ३२०० | २५०० | ५०० | १००० |
| १० | १७०० | ३२०० | २६०० | ५०० | १००० |

- पूरा गर्नुपर्ने मापदण्डहरु:

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
९८५७८३५२४०

१. विद्यालयमा एक पटक भर्ना भएको विद्यार्थीसँग सोही विद्यालयको अर्को कक्षामा पुनः भर्ना शुल्क लिन पाइने छैन।

२. वार्षिक शुल्क अन्तरगत खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचारका शीर्षकहरु समेटिने छन् । यी शीर्षकहरुमा वार्षिक शुल्कका अतिरिक्त शुल्क लिन पाइने छैन ।

३. नेपाल सरकारबाट परीक्षा नलिने गरी तोकिएका तथा कार्यालयले लिने कक्षाको परीक्षा वापतको शुल्क विद्यालयले लिन पाइने छैन ।

४. प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरुलाई क्रमशः शतप्रतिशत र न्यूनतम पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।

५. विद्यालयहरुले कम्तिमा १० प्रतिशत नघटाई जेहेन्दार, विपन्न, असहाय, गरिव, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द पिडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सार्वजनिक गर्नुपर्ने छ ।

६. यातायातको सुविधा लिने विद्यार्थीबाट मासिक रुपमा ५ किमिभित्र रु ५००।, ८ किमिभित्र रु ६००। र १२ किमिभित्र रु ७००। मा नबढाई यातायात शुल्क लिन सकिने ।

७. विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने यातायात साधन सुन्तला रङ्गको हुनुपर्ने छ ।साथै भाडामा प्रयोग गरिने सवारी साधनमा स्कुल बस चिनिने गरी विद्यार्थी बोकेको सवारी साधन शब्दावली प्रयोग गर्नुपर्ने छ।

८. विद्यालयको सवारी साधनबाट आतेजाते गर्ने प्रयोजनका लागि विद्यालय र विद्यार्थीको घर (आवास)को दुरी कक्षा १-५ को १५ कि मि र कक्षा ६ भन्दा माथि २५ कि मि भन्दा बढी नहुने गरी यातायात सुविधा प्रदान गर्ने ।

९. यातायातको साधनमा प्रतिसिट आधारभूत तहको लागि १:१.५ विद्यार्थी भन्दा बढी हुने छैन ।

१०. राजपुर गाउँपालिकाको कार्यालयबाट शैक्षिक सत्र २०८३ को लागि विद्यार्थी भर्नाका सम्बन्धमा गरेको परिपत्र विपरित विद्यार्थी भर्ना गरिसकेको भए ती विद्यालयहरुले अभिभावकबाट लिएको भर्ना रकम अनिवार्य रुपमा फिर्ता गर्ने ।

११. अन्य विद्यालयबाट नयाँ भर्नाको रुपमा आउने विद्यार्थीको स्थानान्तरण प्रमाणपत्र साथै EMIS मार्फत Transfer हुने कुराको सुनिश्चितता गरेर मात्र भर्ना गर्ने ।

१२. अनुमति प्राप्त नगरेको कुनै पनि कक्षामा विद्यार्थी भर्ना गर्न पाइने छैन । भर्ना गरेको पाइएमा शिक्षा ऐन तथा नियमावली बमोजिम कारवाही गरिने छ ।

१३. नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम, पाठ्यपुस्तक र राजपुर गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनिवार्य रुपमा लागु गर्नुपर्ने छ ।

खनाल
शिक्षा अधिकृत